# हरिपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,हरिपुर,सर्लाही

प्रदेश नं.२,

**निर्माण कार्यको शिलवन्दी दरभाउपत्र आहवानको सुचना )**

ठेक्का न १/२०७८/७९(निर्माण)

प्रथम पटक प्रकाशित मिति-२०७८/०८/१९

यस कार्यालयवाट प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र रु १०००।-(पछि फिर्ता नहुने गरी) यस कार्यालयमा नगदै जम्मा गरेका रसिद वा यस कार्यालयको नाममा एन आइ सी एसिया शाखा हरिपुरमा संचालनमा रहेको आन्तरिक राजस्व खाता ०४५२०५००२५९४९०१० मा जम्मा गरेको सक्कलै भौचर र तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखी दरभाउपत्र खरिद गर्न निम्न शर्तहरको अधिनमा रही यो शिलवन्दी दरभाउपत्र आहवान सम्वन्धी सुचना प्रकाशित गरिएको छ ।

तपसिल

१. यो सुचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र माथि उल्लेखित रसिद वा भौचर,म्याद ननाघेको सम्वन्धित निकायमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी,निर्माण कार्य गर्ने भनी सम्वन्धित निकायवाट अनुमति लिईएको प्रमाणपत्रको प्रतिलिपी ,मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी,आव २०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ,सक्कलै निवेदन तथा आवश्यक अन्य कागजातहरु संलग्न राखी यस कार्यालयको प्राविधिक शाखावाट दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र भरि प्रत्येक पानामा दरभाउपत्रदाताको सही र छाप लगाई शिलवन्दी गरी १६ औं दिन दिनको १२ बजेसम्म यस कार्यालयको प्राविधिक शाखामा दर्ता गराई सक्नुपर्ने छ । सो समय पछि प्राप्त शिलवन्दी दरभाउपत्र दर्ता हुने छैन ।

३ .सि.न.२ वमोजिम दर्ता गराउदा शिलवन्दी दरभाउपत्रसाथ दरभाउपत्रदाताले तपसिलमा उल्लेखित धरौटी रकम यस कार्यालयको नाममा एन आइ सी एसिया वैक हरिपुर शाखामा संचालनमा रहेको धरौटी खाता न ०४५२०५००२५९४९००८ मा नगदै जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा कुनै वाणिज्य वैंकवाट जारी भएको कम्तीमा ७५ दिन म्याद भएको वैंक जमानत(वैंक ग्यारेन्टी)समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

४. यस कार्यालयमा दर्ता भएको शिलवन्दी दरभाउपत्र दर्ता भएकै अन्तिम दिन(१६ औं दिन) दिनको २ बजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ तर दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र खरिद गर्ने,दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा परे सो कार्य सो पछि कार्यालय खोलिने दिन सोही समयमा हुनेछ ।

६. दरभाउपत्रदाताले यस कार्यालयवाट दरभाउपत्र खरिद गर्दा यस कार्यालयको अधिकारीक कर्मचारीको सही र कार्यालयको छाप लागेको दरभाउपत्र मात्र खरिद गर्नुपर्ने छ । कार्यालयवाट अधिकारीक कर्मचारीको सही वा कार्यालयको छाप नभएको दरभाउपत्र मान्य हुने छैन ।

७ .दरभाउपत्रदाताले दरभाउपत्र कार्यालयमा दर्ता गराउदा दरभाउपत्रको प्रत्येक पानामा प्रो वा अधिकारिक प्रतिनिधीको सही र फर्मको छाप अनिवार्य लगाएको हुनुपर्ने छ र कवोल रकम भर्दा अंक र अक्षरमा प्रष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिनेछ । केरमेट भएको स्थानमा सही र छाप भएको हुनुपर्नेछ ।

८. रीत नपुगेको शिलवन्दी दरभाउपत्रहरु मुल्यांकन समितिमा मुल्यांकन प्रयोजनको लागी पेश नगरी रद्ध गरिने छ ।

९. सुचनामा कुनै द्विविधा भए सो द्विविधा सम्वन्धी निर्णय गर्ने अधिकार यस कार्यालयको हुने छ ।

१०. यसमा उल्लेखत भएका कुरा यसै वमोजिम तथा अन्य कुरा प्रचलित कानुन वमोजिम हुनेछ ।

११ यस सम्वन्धी थप कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राखी बुझ्न सकिने छ ।

**तपसिल**

| ठेक्का न | कामको विवरण | इष्टीमेट रकम (मु.अ.कर सहित) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १/२०७८/७९ (निर्माण) | वार्ड ३ मा कल्भर्ट,ग्राभेल तथा सडक ढलान कार्य | १९,९८,९३४।६६ | ५९५००।- | |

प्रमुख प्रशासकिय अधिकृत